## मिति २०८० जेठ ३१ गतेको कार्यपालिका बैठकका निर्णयहरुः

१) अघिल्लो कार्यपालिका बैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) आर्थिक वर्ष २०८०।०८१ को लागि नेपाल सरकार, प्रदेश सरकार तथा माडि नगरपालिकाको अनुमानित वार्षिक आयको प्रक्षेपणवाट श्रोत अनुमान तथा सीमा निर्धारण समितिले अनुमान गरेको वार्षिक आयलाई संशोधन सहित अनुमोदन गर्ने ।

३) श्रोत अनुमान तथा सीमा निर्धारण समितिले दिएको सिमा भित्र रहेर आगामी आ व २०८०।८१ को लागि वडा स्तरिय योजना, नगर स्तरिय योजना, विभिन्न विषयगत योजना, प्रशासनिक तथा कार्यालय सञ्चालन खर्चका कार्यक्रम तयार गरें पश्चात विषयगत समितिमा छलफल गराइ योजना तर्जूमा समितिमा पेश गर्ने ।

४) वडास्तरिय योजना तथा कार्यक्रम तयार गर्नको लागि नगरले तुरुन्त योजना तर्जुमा सम्वन्धी निर्देशन पठाउने र सोही निर्देशनको आधारमा वडा कार्यालयले प्राथमिकताको आधारमा योजना तथा कार्यक्रम छनोट गरि वडा समितिको निर्णय गराई २०८०।०३।४ गते भित्रमा योजना तर्जुमा समितिमा पठाउने ।

५) माडी नगरपालिकाको प्रतिभा प्रष्फुटन अनुदान अन्तर्गत दिवाकर स्मृति मा. वि. को कोटामा नियुक्त शिक्षक स्थायी प्रा वि मा नियुक्त हुनुभएको हँदा सो रिक्त स्थानमा खेल वा बक्तृत्व विधाको दरबन्दी कायम गर्ने ।

६) इलाका प्रशासन कार्यालय माडीमा राष्ट्रिय परिचय पत्रको डेस्क स्थापना नभएको कारण माडीवासिहरु भरतपुर जानु पर्ने वाध्यताले समय, श्रम तथा आर्थिक खर्च भइरहेको परिप्रेक्ष्यमा आवश्यक जनशक्ति सहितको राष्ट्रिय परिचय पत्र डेस्क स्थापना गरिदिनको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस साथ अनुरोध गर्ने ।

७) श्रोत अनुमान तथा सिमा निर्धारण समितिले दिएको वडास्तरीय बजेटको सीमा भित्र रहि वडा कार्यालयहरुलाई देहायको बजेट उपलव्ध गराउने ।

वडा १) १ करोड दश लाख

वडा २) १ करोड

वडा ३) १ करोड

वडा ४) ९० लाख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत
२०८०।२।३१

Scanned with CamScanner

वडा ५) ९० लाख

वडा ६) १ करोड

वडा ७) १ करोड

वडा ८) ९० लाख

वडा ९) १ करोड ४५ लाख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७४

८) यस आ.व मा स्थानीय रेडियोबाट सूचना संप्रेषण शिर्षकमा रहेको रकमवाट यस नगरपालिकामा रहेका तिनवटै रेडियोहरु मध्ये सामुदायिक एफ एम माडीलाई रु. दुई लाख पचास हजार, सामुदायिक बाल्मिकी एफ एम लाई एक लाख पचास हजार र स्वदेश एफ एमलाई रु दुइ लाख रकम भुक्तानी दिने ।

९) जिवनपुर माध्यमिक विद्यालयले भोग चलन गरेको जग्गामा अनाधिकृत व्यक्ति हरुले कब्जा गरेको हुँदा सो को संरक्षणको लागि आवश्यक व्यवस्था मिलाउन भनी जिल्ला प्रशासन कार्यालयवाट लेखि आएको हुँदा सो जग्गाको एकिन गरि अनाधिकृत कब्जा हटाउनको लागि पत्राचार गर्ने तथा आवश्यक सहयोग तथा समन्वयको लागि इलाका प्रशासन कार्यालयमा अनुरोध गर्ने तथा मालपोत तथा नापी कार्यालयमा लेखि पठाउने ।

१०) नगर शिक्षा समितिको मिति २०७९।१२।२१ को निर्णय बमोजिम राष्ट्रिय आधारभुत विद्यालय रतनी धोवाहालाई नगरमा आर्थिक भार नपर्ने गरि कक्षा ६ को पढाइ सञ्चालन अनुमती दिने ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित ।

२०८०।२।३१

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner